# Visit LMTC 2020 को अवधारणा

## १. परिचय

नेपाल सरकारले सन् २०२० को वर्षलाई Visit Nepal 2020 को रूपमा मनाइरहेको सन्दर्भमा विविध कार्यक्रमहरूको आयोजना गरी यस कार्यक्रमलाई सफल तुल्याउनु देशका हरेक नागरिक, समुदाय एवम् संघ संस्थाको कर्तव्य हो । यसै कर्तव्यलाई आत्मसात गरी भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गतको भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रले **Visit LMTC 2020** कार्यक्रम (अनौपचारिक कार्यक्रमको रूपमा) अघि सारेको छ ।

## २. उद्देश्य

यस कार्यक्रमको प्रमुख उद्देश्य यस प्रशिक्षण केन्द्र वा साविकको नापी तालीम केन्द्रबाट विभिन्न समयमा विभिन्न तह वा विषयको तालीम लिई स्वदेश तथा विदेशका बिभिन्न स्थानमा कार्यरत रहनु भएका केन्द्रका पूर्व-प्रशिक्षार्थीहरू (LMTC Alumni) लाई यो वर्ष भरिमा कम्तिमा १ पटक यस प्रशिक्षण केन्द्रको भ्रमण गर्न आमन्त्रण गर्नु हो ।

## ३. सुधारका कार्यहरू

अग्रजहरूको अथक प्रयासबाट आजको अवस्थासम्म ल्याइपुर्याइएको यस केन्द्रलाई आगामी दिनमा भूमि व्यवस्थापन तथा नापनक्शा शिक्षा (Land Management and Geomatics Education) को उत्कृष्टताको केन्द्र (Center of Excellence) को रूपमा विकास गर्ने दीर्घकालीन सोंचका साथ केन्द्रले हाल विभिन्न सुधारका कार्यहरू अगाडी बढाइरहेको छ । यस क्रममा केन्द्रको भौतिक पूर्वाधार, प्रशिक्षण सामाग्रीहरू, प्रशिक्षणको दायरा लगायतका विविध क्षेत्रमा सुधारका कार्यहरू थालनी गरिएका छन ।

## ४. भ्रमण वर्ष अवधिमा पूर्व-प्रशिक्षार्थीहरूबाट केन्द्रको सुधारात्मक अभियानमा अपेक्षित योगदान

उल्लिखित सन्दर्भमा केन्द्रका पूर्व-प्रशिक्षार्थीहरूलाई समेत यस अभियानमा समाहित गर्नु उपयुक्त ठानी सुधारका विविध कार्यहरूमा स्वैच्छिक रूपमा देहायका क्षेत्रमा योगदानको लागि समेत आह्वान गरिएको छ ।

- करीव ६५ रोपनीको केन्द्र परिसरमा वृक्षारोपण (पुष्प, फलफूल, ornamental plants आदि),
- आफ्नो तालीम समूहको व्यवस्थापनमा बगैंचा विकासमा योगदान,
- पोष्टरयुक्त प्रशिक्षण सामाग्री (A0 size को फ्रेममा),
- देशका महत्वपूर्ण पर्यटकीय एवम् प्राकृतिक रूपमा सुन्दर क्षेत्रका तस्वीरहरू (A0 size को फ्रेममा),
- विभिन्न समयमा काम गर्ने सिलसिलामा लिइएका आविस्मरणीय एवम सवैका लागि शिक्षाप्रद तस्वीरहरू (A0 size को फ्रेममा),

- आफ्नो तालीम समूहको सामुहिक फोटो,
- भूमि व्यवस्थापन तथा नापनक्शाको आशय झल्किने पेन्टिङ,
- शहीदहरू लगायतका महत्वपूर्ण व्यक्तिहरूका तस्वीर (A0 size को फ्रेममा),
- राष्ट्रिय गानको पोष्टर (A0 size को फ्रेममा)

## ५. भ्रमण एवम योगदानको अभिलेख

यस कार्यक्रम अन्तर्गत भ्रमण गर्न आउनु हुने महानुभावहरूको अभिलेखको लागि रजिष्टरको व्यवस्था गरिएको छ । यस रजिष्टरमा भ्रमण गर्न आउनुहुने र भ्रमणका क्रममा उल्लिखित योगदान गर्नुहुने महानुभावहरूको अभिलेख राखिने छ भने संग संगै सौजन्य समेत उल्लेख गरिने छ । यसैगरी भ्रमण वर्षको अन्त्यमा केन्द्र परिसरमा योगदानको विवरणको लागि शीलालेख राखिनेछ ।

## ६. अन्त्यमा,

यसै प्रशिक्षण केन्द्रबाट तालीम प्राप्त गरी आफ्नो पेशा अंगीकार गरी जीवनयापनको माध्यम बनाउनुका साथै आफ्नो विशिष्ट पहिचान स्थापित गर्न सफल हुनुभएका महानुभावहरूले यस प्रशिक्षण केन्द्रले वहाँहरूको निजी जीवनमा पुर्याएको योगदान अर्थात जीवन रूपान्तरणमा पुर्याएको योगदानलाई स्मरण गरी श्रद्धास्वरूप यस आह्वानलाई सहर्ष स्वीकार गर्नु भै Visit Nepal 2020 को अवसरमा अघि सारिएको **Visit LMTC 2020** कार्यक्रमलाई सफल तुल्याउन सहयोग गर्नु हुनेछ भन्ने विश्वास लिइएको छ ।

धन्यवाद !

**भूमिव्यवस्थापन प्रशिक्षण केन्द्र परिवार**
**धुलिखेल, काभ्रेपलाञ्चोक**